प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

# मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६

मा. आरती पौडेल
मन्त्री

**प्रस्तावनाः** मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको मत्स्यपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यावसायिक बनाउदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय माछाजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सृजनाका लागि प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायहरुबाट सञ्चालन हुने मत्स्य विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक भएकोले, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यक्रम सञ्चालन विधिको नाम "मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम सञ्चालन विधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमा :-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम सञ्चालन विधि अनुरुप कार्यक्रम सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराइने नगद अनुदान रकम सम्झनु पर्छ।

(ख) "आपतकालीन" भन्नाले आकस्मिक मत्स्य स्वास्थ्य वा पानीको गुणस्तर प्रतिकूल भई छोटो समयमा बढी माछा क्षति हुने अवस्थालाई सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले यस कार्यक्रम सञ्चालन विधि अनुरुप बरफ उत्पादनको लागि स्थापित उद्योगलाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले दफा ४१ को उपदफा (१) र (२) अनुसार गठित समितिलाई सम्झनु पर्छ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मा. आरती पौडेल

(ङ) **"कार्ययोजना"** भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावलाई सम्झनु पर्छ।

(च) **"कार्यालय"** भन्नाले स्वीकृत कार्यक्रम तथा बजेटको व्यवस्था भएको कार्यक्रम सञ्चालन गर्ने कार्यालय वा निकायलाई सम्झनु पर्छ।

(छ) **"कृषक"** भन्नाले मत्स्यपालन वा मत्स्यजन्य क्रियाकलापमा संलग्न किसानलाई सम्झनु पर्छ।

(ज) **"कृत्रिम जलाशय"** भन्नाले पानी जम्ने मानव निर्मित संरचना जस्तै पोखरी, ट्याकं, रिजर्भवायर लगायतलाई सम्झनु पर्छ।

(झ) **"गैर सहकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन अनुरुप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ञ) **"जिउँदो माछा बिक्री वितरण स्टल"** भन्नाले उपभोक्ताहरुलाई स्वच्छ र ताजा जिउँदो माछा बिक्री वितरण गर्ने उद्देश्यले निर्माण गरिएको आवश्यक संरचना सहितको जिउँदो माछा बिक्री स्थललाई सम्झनु पर्छ।

(ट) **"ठेकेदार"** व्यावसायिक प्रायोजनको लागि निजी वा सार्वजनिक जग्गा निश्चित रकम तिरी भाडामा लिने व्यक्तिलाई सम्झनु पर्छ।

(ठ) **"नतिजा"** भन्नाले कार्यक्रममा आधारित प्रतिफल सम्झनु पर्छ।

(ड) **"तरिका"** भन्नाले कार्यक्रम सञ्चालन प्रक्रियालाई सम्झनु पर्छ।

(ढ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको कम्पनीलाई सम्झनु पर्छ। यस शब्दले घरेलु तथा साना उद्योगमा दर्ता भएको उद्योगलाई समेत जनाउँछ।

(ण) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(त) **"पोखरी"** भन्नाले मत्स्यपालनको लागि प्रयोग हुने व्यवस्थित माटोको खाडललाई सम्झनु पर्छ।

(थ) **"प्राकृतिक जलाशय"** भन्नाले नदी, खोला, घोल/ताल, सिम क्षेत्र लगायतलाई सम्झनु पर्छ।

(द) **"प्राविधिक"** भन्नाले कृषि, पशु तथा मत्स्य विज्ञान विषयमा TSEE/TSLC, ISc. Ag. वा सो सरह उत्तिर्ण गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ध) **"सिलपोलिन"** भन्नाले मत्स्य उत्पादन पोखरीमा पानीको चुहावटलाई न्यूनीकरण गर्न प्रयोग गरिने वस्तुलाई सम्झनु पर्छ।

(न) **"फार्म"** भन्नाले व्यावसायिक रुपमा मत्स्यपालन गरेको स्थान र संरचनालाई सम्झनु पर्छ।

(प) **"मत्स्यपालन"** भन्नाले कृत्रिम वा प्राकृतिक जलाशयमा मत्स्य बिज छाडी नियन्त्रित अवस्थामा माछा उत्पादन गर्ने तरिकालाई सम्झनु पर्छ।

(फ) **"मत्स्य बिज"** भन्नाले ह्याचलिङ्ग, फ्राई, फिङ्गरलिङ्ग, एडभान्स फिङ्गरलिङ्ग र ईयरलिङ्गलाई सम्झनु पर्छ।

(ब) **"मत्स्य ह्याचरी"** भन्नाले निजी वा सरकारीस्तरमा अण्डाबाट बच्चा कोरल्ने सुविधा सहितको मत्स्य बिज उत्पादन गर्न सक्ने थलोलाई सम्झनु पर्छ। **"मत्स्य ह्याचरीकर्ता"** भन्नाले माउँ माछा व्यवस्थापन गरी कृत्रिम प्रजनन् द्धारा ह्याचलिङ्ग उत्पादनकर्तालाई सम्झनु पर्छ। **"मत्स्य नर्सरी"** भन्नाले माछाको ह्याचलिङ्ग स्टक गर्ने संरचनालाई (पोखरी, टैंक आदि) सम्झनु पर्छ। **"मत्स्य नर्सरीकर्ता"** भन्नाले सरकारी तथा निजी फार्मबाट ह्याचलिङ्ग खरिद तथा मत्स्य नर्सरीमा व्यवस्थापन गरी फ्राई/ फिङ्गरलिङ्ग/ एडभान्स फिङ्गरलिङ्ग/ ईयरलिङ्ग उत्पादनकर्तालाई सम्झनु पर्छ।

(भ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(म) **"मूल्याकंन तथा सिफारिस समिति"** भन्नाले दफा ४२ (१) र (२) अनुसार गठित समितिलाई सम्झनु पर्दछ।

(य) **"मेसिनेरी औजार"** भन्नाले माछाको उत्पादन लागत घटाई उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउने यन्त्र/उपकरणलाई सम्झनु पर्छ।

(र) **"रेसवे पोखरी"** भन्नाले प्राविधिक डिजाईन तथा ईष्टिमेट अनुसार बनाईएको निरन्तर पानी वग्ने सिमेन्टेड संरचनालाई सम्झनु पर्छ।

(ल) **"विपन्न वर्ग"** भन्नाले न्यून आय स्रोत भएका लक्षित वर्गलाई सम्झनु पर्छ।

(व) **"विशेषज्ञ"** भन्नाले मत्स्य विज्ञान विषयमा स्नातक वा सो सरहको विषय उतिर्ण गरी सोही क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको व्यक्तिलाई सम्झनु पर्छ।

(स) **"शुद्ध नक्षको माउ"** भन्नाले कार्प जातको उन्नत नक्षको फ्युचर ब्रुडलाई सम्झनु पर्छ।

(ष) **"शुद्ध नक्ष श्रोत केन्द्र"** भन्नाले नेपाल सरकार अन्तर्गतको मत्स्य शुद्ध नक्ष संरक्षण तथा प्रवर्दन श्रोत केन्द्र, रुपन्देहीलाई सम्झनु पर्छ।

(श) **"सड्ने वस्तु"** भन्नाले कृषि क्षेत्रबाट उत्पादित छोटो समयमा विग्रिने वस्तुलाई सम्झनु पर्दछ।

(ह) **"समूह"** भन्नाले मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि इच्छुक कृषकहरु भेला भई गठन भएको कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(क्ष) **"सहकारी सस्था"** भन्नाले सरकारी ऐन तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा संघलाई सम्झनु पर्छ।

(त्र) **"साझेदार"** भन्नाले मत्य विकास सम्बन्धी कार्यक्रम सहकार्यमा सञ्चालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/निजीफार्म समेतलाई जनाउँदछ।

(ज्ञ) **"साझेदारी"** भन्नाले मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि इच्छुक साझेदारसँगको सहकार्यलाई जनाउँदछ।

(क.क) **"साना किसान"** भन्नाले सिमित साधन स्रोत तथा भूमीमा कम पहुँच र निम्न आय भएका कृषकलाई सम्झनु पर्छ।

(क.ख) **"साना पोखरी"** भन्नाले २०० वर्ग मिटर जलाशय क्षेत्रफल भएको पोखरीलाई सम्झनु पर्छ।

(क.ग) **"सार्वजनिक संस्था"** भन्नाले नेपाल सरकार अन्तर्गत सरकारको लगानीमा स्थापना भई सञ्चालित सरकारी कार्यालय, बोर्ड, समिति, संस्थानलाई सम्झनु पर्छ।

(क.घ) **"ह्याचलिङ्ग"** भन्नाले निषेचित अण्डा बाट निस्किएको ० देखि ७ दिन सम्मको मत्स्य बिजलाई सम्झनु पर्छ। **"फ्राई"** भन्नाले ह्याचलिङ्ग मत्स्य नर्सरीमा स्टक गरी ३ देखि ४ हप्ता सम्म हुर्काईएको १ ईन्च भन्दा सानो मत्स्य बिजलाई सम्झनु पर्छ। **"फिङ्गरलिङ्ग"** भन्नाले फ्राई रेयरिङ्ग पोखरीमा स्टक गरी १ देखि १.५ महिना सम्म हुर्काईएको २ देखि ३ ईन्च सम्मको मत्स्य बिजलाई सम्झनु पर्छ। **"एडभान्स फिङ्गरलिङ्ग"** भन्नाले फिङ्गरलिङ्गलाई १ देखि २ महिनासम्म हुर्काईएको ३ देखि ५ ईन्चको मत्स्य बिजलाई सम्झनु पर्छ। **"ईयरलिङ्ग"** भन्नाले ५ ईन्च भन्दा माथि वा २०० ग्राम सम्मको मत्स्य बिजलाई सम्झनु पर्छ।

(क.ङ) **"PIT (Passive Integrated Transponder) ट्याग"** भन्नाले फ्युचर ब्रुड भित्र स्थापित ट्याग रिडरले स्क्यान गर्न गर्न सक्ने चिप सम्झनु पर्छ। **"ट्याग रिडर"** भन्नाले PIT ट्याग स्क्यान गर्न सक्ने स्क्यानर/मेसीनलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रम सञ्चालन विधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने,

(ख) मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्‍याउने,

(ग) माछा तथा माछाजन्य पदार्थ उत्पादनलाई बजारीकरण तथा विविधीकरणमा जोड दिदै मूल्य श्रृखंलामा जोड दिने र

(घ) मत्स्यपालनको क्षेत्र विस्तार गरी प्रादेशिक तथा राष्ट्रियस्तरमा मत्स्य उत्पादनमा देशलाई आत्मनिर्भर गराई पौष्टिक आहराको उपलब्धतामा वृद्धि गरी आयातलाई न्यूनिकरण र निर्यातलाई प्रवर्द्धन गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने।

## परिच्छेद-२

## <u>चिसो पानीमा मत्स्यपालन कार्यक्रम</u>

४. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> चिसो पानीमा मत्स्यपालन कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मध्य पहाडको उच्च भेग तथा हिमाली क्षेत्रमा खेर गइरहेको चिसो पानीको श्रोतहरुलाई प्रयोग गरी मत्स्यपालन कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रम गुणस्तरीय मत्स्य बिज उत्पादन तथा वितरण गर्ने मत्स्य ह्याचरीको लागि समेत लागू हुनेछ।

(ख) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/ समूह/ समिति/ सहकारी/ निजी फर्महरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गरिनेछ।

(ग) प्रस्तावकहरुले अनुसूची-२ को ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(घ) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(ङ) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(च) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

५. <u>छनौट प्रक्रियाका आधारहरु</u>: कार्यक्रम छनोट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत चिसो पानीमा वृद्धि विकास, राम्रो हुने माछाहरु (रेन्बो ट्राउट, असला, गर्दी, सहर, कत्ले, आदि) उत्पादन गर्नु पर्नेछ।

(ख) निरन्तर बगिरहने चिसो कञ्चन पानीको स्रोत हुनु पर्नेछ।

(ग) वर्ष भरी नै कम्तिमा ५० लिटर प्रतिसेकेण्ड पानीको श्रोतको व्यवस्था भएको हुनु पर्नेछ र मूलको पानीलाई प्राथमिकता दिईनेछ।

(घ) पानीको तापक्रम प्रचण्ड गर्मीको समयमा २० डि.से. ननाघ्ने र जाडोको समयमा ७ डि.से. नघट्ने भएको प्राविधिक सिफारिस संलग्न गर्नु पर्नेछ।

(ङ) बाटो र विजुलीको पहुँच भएको हुनु पर्नेछ।

६. <u>सञ्चालन गरिने क्रियाकलापहरु:</u> कार्यक्रम सञ्चालनका क्रियाकलापहरु देहाय बमोजिम रहेको छः-

(क) यस कार्यक्रममा समावेश हुने अनुदानग्राहीले चिसो पानीमा माछा उत्पादनको लागि नयाँ फार्म भए कम्तिमा २०० वर्ग मिटर क्षेत्रफलको ७ देखी १० वटा र पुरानो फार्म भएमा साविकमा

भएका रेसवेमा २०० वर्ग मिटर क्षेत्रफलको ७ देखी १० वटा नयाँ रेसवे निर्माण गर्नु पर्नेछ।

(ख) ह्याचरीको हकमा कम्तिमा २ बर्ष हुर्काईएका १ के.जि. भन्दा माथीका ३०० गोटा पोथी र ४५० गोटा भाले माउ व्यवस्थापन गरी वार्षिक २ लाख मत्स्य बिज बिक्री वितरण गर्नु पर्नेछ। ।

(ग) भौतिक संरचना निर्माणको हकमा लागत ईष्टिमेट, डिजाईन तथा नक्सा स्वीकृत गराई कार्य गर्नु पर्नेछ।

(घ) रेसवे पोखरीमा पानीको गहिराई ८० देखि ९० सेन्टिमिटर हुनु पर्नेछ।

(ङ) रेसवे पोखरीको निरन्तर रुपमा आवश्यक परिमाणमा चिसो पानीको प्रवेश तथा निकासको राम्रो प्रवन्ध हुनु पर्नेछ।

(च) प्रति वर्ग मिटर ८० देखि १२० गोटा मत्स्य बिज स्टकिङ्ग गर्नु पर्नेछ।

(छ) १० ग्राम सम्मको माछालाई दैनिक २ पटक खाए जती, १० देखि ५० ग्राम सम्मको माछालाई दैनिक १ पटक शारीरिक तौलको ५ प्रतिशत सम्म र ५० ग्राम भन्दा माथि दैनिक १ पटक शारीरिक तौलको २ देखि ३ प्रतिशतको दरले गुणस्तरीय पेलेट दानाको प्रयोग गर्नु पर्नेछ।

(ज) महिनामा १ पटक रेसवे पोखरीको सरसफाई तथा माछाको ग्रेडिङ्ग गर्नु पर्नेछ।

(झ) वार्षिक रुपमा एक पटक मात्र माछा हार्भेस्टिङ्ग गर्ने गरी बजारीकरणको प्रवन्ध मिलाउनु पर्नेछ।

(ञ) स्वीकृत कार्ययोजना बमोजिम सञ्चालन गरेका हरेक क्रियाकलापहरुको तथ्याङ्क अध्यावधिक गरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(ट) कार्यालय वा मन्त्रालय, निर्देशनालयबाट अनुगमन/निरीक्षण गर्दा सहज एवम् विस्तृत रुपमा क्रियाकलापहरु बारे जानकारी उपलब्ध गराउनु पर्नेछ।

७. <u>खर्चको मापदण्ड</u> : (१) खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) बिस्तृत लागत अनुमान सहितको प्रस्ताव माग गर्ने,

(ख) प्राप्त प्रस्तावको बिज्ञ सहितको मुल्यांकन समिति बाट पुनरावलोकन गरी गराइ पेश गरेको लागत अनुमान जाँच गरी आवश्यक परे सँशोधन सहित लागत अनुमान यकीन गर्ने,

(ग) ब्यवस्थापन समितिबाट छनौट भएका प्रस्तावहरुको लागत अनुमान र कार्य योजना सहित सम्झौता गर्ने,

(घ) अनुदानग्राहीले सम्झौता र कार्ययोजना अनुसार कार्य गरी समयमै भुक्तानी माग गर्ने,

(ङ) कार्यालयले पेश हुन आएका बील भर्पाइ र स्थलगत अनुगमन समेत गरी यथार्थ खर्चको आधारमा लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. २५,०००००।०० (अक्षरुपी पच्चीस लाख) मध्ये जुन कम हुन आउँछ सो उपलब्ध गराईनेछ।

(२) कार्ययोजनामा देहाय बमोजिमका क्रियाकलापहरु समावेश गर्नु पर्नेछ :-

| क्र.सं. | क्रियाकलापहरु | निर्धारित खर्च % | कैफियत |
|---|---|---|---|
| १ | भौतिक संरचना निर्माण/सुधार (रेसवे पोखरी, पानी व्यवस्थापन, तारवार, पाले घर, ह्याचरी सञ्चालनको लागि आवश्यक पूर्वाधार) | ८० | |
| २ | आवश्यक विज्ञ प्राविधिक सेवा तथा क्षमता अभिवृद्धि | ५ | |
| ३ | व्यवस्थापन खर्च (मत्स्य उत्पादनको हकमा बिज खरिद तथा ढुवानी) | ५ | |

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| ४ | उत्पादन सामग्री (आवश्यक पेलेट दाना, रसायन तथा औषधी) | ५ | |
| ५ | भैपरी खर्च (सञ्चार, ईन्धन तथा फार्म सञ्चालन सम्बन्धी अन्य खर्चहरु) | ५ | |
| जम्मा | | १०० | |

## परिच्छेद-३

## निजी तथा सरकारीस्तरको ह्याचरीहरुमा शुद्ध नश्लको माउ व्यवस्थापनको लागि PIT ट्याग तथा ट्याग रिडर खरिद

८. कार्यक्रम सञ्चालन प्रक्रिया: कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीसँग समन्वय गरी सञ्चालन गरिनेछ। मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीले के कति संख्या र जातका फ्यूचर ब्रुड उपलब्ध गराउन सक्ने हो सो को विवरण माग गरेर मात्र कार्यक्रम सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।

(ख) यस कार्यक्रम अन्तर्गत सरकारी तथा निजी मत्स्य ह्याचरीहरुलाई शुद्ध नश्लको फ्यूचर ब्रुडमा PIT ट्याग लगाई उपलब्ध गराईनेछ। PIT ट्याग यस कार्यक्रमबाट अनुदानमा निशुल्क उपलब्ध गराईनेछ भने ट्याग लगाईएको शुद्ध नश्लको फ्यूचर ब्रुडको मूल्य मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीले तोकेको दररेट बमोजिम सम्बन्धित ह्याचरीकर्ताले ब्यहोर्नु पर्नेछ। ट्याग रिडर खरिदका लागि प्रति थान परल मूल्यको ५० प्रतिशत वा बढीमा रु ५०,०००।०० (अक्षरुपी पचास हजार) का दरले अनुदान उपलब्ध गराइनेछ।

(ग) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/ समूह/ समिति/ सहकारी/ निजी फर्महरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गरिनेछ।

(घ) प्रस्तावकहरुले अनुसूची-२ को ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ङ) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(च) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरु औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(छ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना अनुसार अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ। यसरी सम्झौता गर्ने कृषकहरुले कार्ड रिडरको लागतको ५० प्रतिशत रकम अग्रिम जम्मा गर्नुपर्नेछ ।

(ज) सरकारीस्तरका मत्स्य ह्याचरीको हकमा यो प्रक्रिया लागू हुने छैन। निजहरुलाई आवश्यक पर्ने शुद्ध नश्लको फ्यूचर ब्रुडको संख्या र जात खुलाई पत्राचार गर्नु पर्नेछ र माग बमोजिमको परिमाणमा औचित्यको आधारमा उपलब्ध गराउनेछ।

(झ) अनुदानग्राहीहरुसँग गरिएको सम्झौताको आधारमा PIT ट्याग तथा ट्याग रिडर आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिमको प्रक्रिया अनुसार खरिद गरी मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीलाई हस्तान्तरण गरिनेछ।

(ञ) मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, रुपन्देहीले सम्झौता भएका ह्याचरीकर्ताहरुलाई माग बमोजिमको ट्याग लगाईएका शुद्ध नश्लको फ्यूचर ब्रुड तथा ट्याग रिडर हस्तान्तरण गरी सोको रेकर्ड निर्देशनालयलाई उपलब्ध गराउनेछ।

## परिच्छेद-४

## बरफ उत्पादन उद्योग स्थापना सहयोग

९. कार्यक्रम सञ्चालन प्रक्रिया: बरफ उत्पादन उद्योग स्थापना कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक उद्यमी/समूह/समिति/सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(घ) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(ङ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

१०. छनौट प्रक्रियाका आधारहरुः कार्यक्रम छनोट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) व्यावसायिक मत्स्य पकेट क्षेत्र भित्र वा सोको वरपर बरफ उद्योग सञ्चालन गर्नु पर्नेछ।

(ख) कार्यक्रमा समावेश भई स्थापित भएका उद्योगले नियमित रुपले सुलभ दरमा मत्स्य कृषक/व्यवसायीहरुलाई बरफ उपलब्ध गराउनु पर्नेछ।

(ग) मत्स्य उत्पादन गरी रहेका समूह/सहकारी/उद्यमीलाई बरफ उद्योग स्थापनाको लागि प्राथमिकता दिईनेछ।

११. खर्चको मापदण्ड : कार्यक्रम अन्तरगत बरफ उद्योग स्थापना तथा सञ्चालनको लागि स्वीकृत कार्ययोजना बमोजिम लागत अनुमानमा ५० प्रतिशत वा अधिकतम रु. १०,००,०००।०० (अक्षरुपी रु. दश लाख मात्र) मध्ये जुन कम हुन आउँछ सो उपलब्ध गराईनेछ।

## परिच्छेद-५

## जिउँदो माछा बिक्री वितरण स्टल निर्माण/सुधार

१२. कार्यक्रम सञ्चालन प्रक्रिया: कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक निजी व्यावसायिक/ समूह/समिति/सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(घ) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(ङ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

१३. छनौट प्रक्रियाका आधारहरुः छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) शहरी क्षेत्रको प्रमुख बजारमा केन्द्रित भई जिउँदो माछा बिक्री वितरण गर्ने निजी व्यवसायी/समूह/समिति/सहकारीहरुलाई प्राथमिकता दिईनेछ।

(ख) यस कार्यक्रममा सहभागी हुने प्रस्तावकले दैनिक कम्तिमा ५० किलो माछा बिक्री वितरण गरिरहेको वा गर्नु पर्नेछ।

१४. सञ्चालन गर्नु पर्ने क्रियाकलापहरुः सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु देहाय बमोजिम हुनेछः-

(क) जिउँदो माछा बिक्री वितरणको लागि सिमेन्टेड ट्याकं निर्माण गर्ने र उक्त ट्याकंको भुईमा टायल वा मार्वल बिछ्याउने र भित्तामा टायल लगाउने,

(ख) माछा काट्दा निस्कने फोहोर व्यवस्थापन गर्ने,

(ग) शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार गर्ने,

(घ) माछा राखेर बिक्री गर्ने ठाउँका लागि जाली/सिसाको पार्टिशन गर्ने,

(ङ) माछा काट्ने, कत्ला फाल्ने र सफा गर्ने स्ल्याव निर्माण गर्ने,

(च) माछालाई जीवित राख्न पर्याप्त पानीको स्रोत तथा ऐरेसन आदिको व्यवस्था गर्ने,

(छ) उपकरण खरिदः जस्तै चक्कु, हंसिया, डिजिटल ब्यालेन्स आदि।

१५. <u>खर्चको मापदण्ड</u> : यस कार्यक्रम अन्तरगत स्वीकृत कार्ययोजना बमोजिम भौतिक पूर्वाधार निर्माण तथा आवश्यक सामग्री खरिदमा लागत खर्चको ५०% वा अधिकतम रु.

४,००,०००।०० (अक्षरुपी रु. चार लाख मात्र) मध्ये जुन कम हुन आउँछ सो उपलब्ध गराईनेछ।

## परिच्छेद-६

## नयाँ पोखरी निर्माण कार्यक्रम

१६. कार्यक्रम सञ्चालन प्रक्रियाः कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/निजी व्यावसायी/समूह/समिति/सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ को ढाँचामा निवेदन, अनुसूची-३ अनुसारको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(घ) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(ङ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(च) कार्यालयको प्राविधिकको समन्वय, सुपरीवेक्षण तथा निर्देशनमा ले-आउट तथा डिजाईन अनुसार नयाँ पोखरी निर्माण गर्नु पर्नेछ।

१७. छनौट प्रक्रियाका आधारहरुः छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछ :-

(क) ३ कठ्ठा भन्दा माथि जलाशय कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्नेछ।

(ख) पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनु पर्नेछ।

(ग) पोखरी निर्माणको प्राविधिक सिफारिस संलग्न हुनु पर्नेछ।

(घ) नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए सम्झौता कम्तिमा १० वर्षको हुनु पर्नेछ।

(ङ) सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्नेछ।

१८. खर्चको मापदण्ड : यस कार्यक्रम अन्तरगत स्वीकृत कार्ययोजना बमोजिम नँया पोखरी निर्माणमा प्रति हेक्टर अधिकतम रु. ३,००,०००।०० (अक्षरुपी रु. तिन लाख मात्र) उपलब्ध गराईनेछ।

## परिच्छेद-७

## विपन्न वर्गलाई साना पोखरी निर्माण तथा भुरा वितरण

१९. कार्यक्रम सञ्चालन प्रक्रिया: विपन्न वर्गलाई साना पोखरी निर्माण तथा भुरा वितरण कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कार्यालयले कार्यक्रम सञ्चालनको लागि साना कृषकहरुलाई लक्षित गरी साना पोखरी निर्माण र अनुदानमा भुरा वितरण गर्न १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरिनेछ।

(ख) समय भित्र प्राप्त भएका प्रस्तावको स्थलगत अनुगमन गराई दफा २१ को मापदण्डको आधारमा कार्यक्रम सञ्चालन गर्ने साना कृषकहरु छनौट गरी सम्झौता गरिनेछ।

(ग) सम्झौता भएका अनुदानग्राहीले दफा २१ बमोजिमको मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(घ) साना पोखरीको निर्माण कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम हुनेछ।

(ङ) स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही साना पोखरी निर्माणको लागि छनौट भएका सवै अनुदानग्राहीहरु र अनुदानमा भुरा प्राप्त गर्न प्रस्ताव पेश गरेका साना कृषकलाई समेत अनुदानमा मत्स्य बिज उपलब्ध गराउन सकिनेछ।

(च) पहाडको हकमा ३ रोपनी, तराईमा ५ कठ्ठा भन्दा कम जग्गा भएको, परिवारको कुनै पनि सदस्य सरकार वा गैर सरकारी संघ/संस्थामा रोजगार नभएको, पारिवारिक मासिक आम्दानी रु १०,००० (दश हजार) भन्दा कम भएको व्यहोरा सहितको स्थानीय तहको सिफारिस समावेश गर्नु पर्नेछ।

(छ) यस कार्यक्रम अन्तरगत सम्बन्धित कार्यालयले कृषक तथा सरोकारवालाहरुलाई प्रर्दशन गर्ने गरी १ वटा साना पोखरी कार्यालय परिसरको उपयुक्त स्थानमा निर्माण गर्न सक्नेछ।

२०. <u>छनौट प्रक्रियाका आधारहरु:</u> छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछ :-

(क) पानीको स्थायी स्रोतका लागि बोरिङ्ग, ह्याण्ड पम्प वा कुलो / नहरको व्यवस्था भएको हुनु पर्नेछ।

(ख) पोखरी निर्माणको लागि माटो उपयुक्त हुनु पर्नेछ।

(ग) नयाँ निर्माण गरिने साना पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्नेछ।

(घ) सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्नेछ।

(ङ) सीमान्तकृत तथा आर्थिक पक्ष कमजोर भएका वर्गलाई प्राथमिकता दिनुपर्नेछ।

२१. <u>सञ्चालन गरिने क्रियाकलापहरु:</u> सञ्चालन गरिने क्रियाकलापहरु देहाय बमोजिम हुनेछ :-

(क) कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम साना पोखरी निर्माण गर्नु पर्नेछ र पोखरीको गहिराई कम्तिमा ४ फिट हुनु पर्नेछ।

(ख) कम्तिमा ४ जात (सिल्भर, विगहेड, ग्रास र कमन कार्प) समावेश गरी बहुजातीय कार्पपालन पद्धती अपनाउनु पर्नेछ।

(ग) १ देखि १.५ गोटा प्रति वर्ग मिटरका दरले एडभान्स फिङ्गरलिङ्ग स्टकिङ्ग गर्नु पर्नेछ। कार्यालयले अनुदानमा उक्त मत्स्य बिज उपलब्ध गराउनेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

(घ) प्राङ्गारिक तथा रासायनिक मलखादको प्रयोग नियमित रुपले गर्नु पर्नेछ।

(ङ) प्रत्येक महिना माछाको वृद्धि जाँच गर्नु पर्नेछ।

(च) माछालाई आहाराको रुपमा सकेसम्म भान्साबाट निस्केको वस्तु वा स्थानीयस्तरमा सजिलै उपलब्ध हुने ब्रान तथा पिनाको समिश्रण प्रयोग गर्न प्राथमिकता दिनु पर्नेछ।

(छ) पोखरीको डिल तरकारी वा अन्य कृषिजन्य उत्पादन गर्न प्रयोग गर्नु पर्नेछ।

(ज) उत्पादित माछा पारिवारिक पोषणमा सुधार ल्याउन आवश्यक मात्रा उपभोग गरेर अतिरिक्त भएको बिक्री वितरण गर्नु पर्नेछ।

(झ) कार्यालय वा मन्त्रालय, निर्देशनालयबाट अनुगमन/निरीक्षण गर्दा सहज एवं विस्तृत रुपमा क्रियाकलापहरु बारे जानकारी उपलब्ध गराउनु पर्नेछ।

२२. <u>खर्चको मापदण्ड :</u> खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) साना पोखरी निर्माणको लागि छनौट भएका कृषकहरुलाई कार्य सम्पन्न पश्चात एकमुष्ट रु. १०,०००।०० (अक्षरुपी रु. दस हजार मात्र) उपलब्ध गराईनेछ सो भन्दा बढी कृषक स्वंयले व्यहोर्नु पर्नेछ।

(ख) प्रति गोटा रु. २ नबढ्ने गरी पोखरीको क्षेत्रफलको आधारमा शत प्रतिशत अनुदानमा एडभान्स फिङ्गरलिङ्ग उपलब्ध गराईनेछ।

## परिच्छेद-८

## <u>प्लाष्टिक पोखरी निर्माण</u>

२३. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> प्लाष्टिक पोखरी निर्माण कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ:-

(क) कार्यालयले कार्यक्रम सञ्चालनको लागि ईच्छुक कृषक/ सहकारी/ समूह/ संघ/ संस्था/ निजी फर्महरुलाई लक्षित गरी १५ दिनको सूचना प्रकाशन गर्नेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ को ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(घ) प्राथमिकता क्रममा सिफारिस भएका प्रस्तावक छनौट गरी अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(ङ) सम्झौता भएका अनुदानग्राहीहरुले दफा २५ बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(च) प्लाष्टिक पोखरीको निर्माण कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम हुनेछ।

(छ) यस कार्यक्रम अन्तरगत सम्बन्धित कार्यालयले कृषक तथा सरोकारवालाहरुलाई प्रर्दशन गर्ने गरी १ वटा सम्म साना पोखरी कार्यालय परिसरको उपयुक्त स्थानमा निर्माण गर्न सक्नेछ।

२४. <u>छनौट प्रक्रियाका आधारहरु:</u> छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) पानीको स्थायी स्रोतको रुपमा मुल, खोला, कुलो वा नहरको व्यवस्था हुनु पर्नेछ।

(ख) निर्माण गरिने प्लास्टिक पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्नेछ वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा १० वर्षको हुनु पर्नेछ।

(ग) सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्नेछ।

(घ) पहाडको हकमा ३ रोपनी, तराईमा ५ कठ्ठा भन्दा कम जग्गा भएको, परिवारको कुनै पनि सदस्य सरकार वा गैर सरकारी संघ/संस्थामा रोजगार नभएको, पारिवारिक मासिक आम्दानी रु

१०,००० (दश हजार) भन्दा कम भएको ब्यहोरा सहितको स्थानीय तहको सिफारिस समावेश गर्नु पर्नेछ।

२५. <u>सञ्चालन गरिने क्रियाकालपहरु:</u> कार्यक्रम सञ्चालनका क्रियाकलापहरु देहाय बमोजिम रहेको छ।

(क) कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम साना पोखरी निर्माण गरी पिंध देखि डिलसम्म पुरै कम्तिमा १५० GSM भन्दा माथिको सिलपोलिन (UV Plastic) विछ्याई पिंधको भागमा सिलपोलिन माथि कम्तिमा १ फिट माटो हाल्नु पर्नेछ। पोखरीको गहिराई कम्तिमा ४ फिट हुनु पर्नेछ।

(ख) कम्तिमा ४ जात (सिल्भर, विगहेड, ग्रास र कमन कार्प) समावेश गरी बहुजातीय कार्प पालन पद्धति अपनाउनु पर्नेछ।

(ग) २ देखि ३ प्रति वर्ग मिटरका दरले एडभान्स फिङ्गरलिङ्ग स्टक गर्नु पर्नेछ।

(घ) प्राङ्गारिक तथा रसायनिक मलखादको प्रयोग नियमित रुपले गर्नु पर्नेछ।

(ङ) महिनामा १ पटक माछाको वृद्धि जाँच गर्नु पर्नेछ र शारीरिक तौलको आधारमा आहाराको मात्रा निर्धारण गरी प्रयोग गर्नु पर्नेछ।

(च) माछालाई आहाराको रुपमा सकेसम्म भान्साबाट निस्केको वस्तु साथै स्थानीयस्तरमा सजिलै उपलब्ध हुने ब्रान, पिना तथा भटमासको पिठोको समिश्रण आवश्यक मात्रामा प्रयोग गर्नु पर्नेछ।

(छ) डिलको सदुपयोग तरकारी तथा अन्य कृषिजन्य उत्पादन गर्न प्रयोग गर्नु पर्नेछ।

(ज) उत्पादित माछा पारिवारिक पोषणमा सुधार ल्याउन आवश्यक मात्रा उपभोग गरेर अतिरिक्त भएको बजारमा बिक्री वितरण गर्नु पर्नेछ।

(झ) कार्यालय वा मन्त्रालय, निर्देशनालयबाट अनुगमन/निरीक्षण गर्दा सहज एवं विस्तृत रुपमा क्रियाकलापहरु बारे जानकारी उपलब्ध गराउनु पर्नेछ।

२६. <u>खर्चको मापदण्ड :</u> प्लास्टिक पोखरी निर्माणको लागि छनौट भएका अनुदानग्राहीहरुलाई कार्य सम्पन्न पश्चात विनियोजित बजेटबाट अनुदान वापत बढीमा रकम रु. २०,०००।— (अक्षरुपी रु. बीस हजार मात्र) वा कूल लागतको ५० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ सो भन्दा बढी कृषक स्वंयले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-९

## प्राकृतिक जलाशय मर्मत सम्भार

२७. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरु (घोल/ताल, सिमसार) आवधिक ठेक्का प्रक्रिया भई मत्स्यपालनमा प्रयोग भैरहेको वा सम्भाव्य रहेकोहरुको स्तर उन्नती गरी व्यावसायिक मत्स्यपालनको शुरुवात गराई उत्पादन र उत्पादकत्व बढाउन यो अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक निजी ठेकेदार/ समूह/ समिति/ सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ।

(ग) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(घ) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(च) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा छनौट गर्नेछ।

(छ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

२८. <u>खर्चको मापदण्डः</u> प्राकृतिक जलाशय मर्मत सम्भार गर्न सम्झौता भएका अनुदानग्राहीहरुलाई स्वीकृत कार्ययोजना र लागत अनुमान बमोजिम प्रति हेक्टर जलाशयमा ५० प्रतिशत वा अधिकतम रु. १,००,०००।०० (अक्षरुपी रु. एक लाख मात्र) मध्ये जुन कम हुन आउँछ सो उपलब्ध गराईनेछ। प्राप्त हुने अनुदानबाट सम्बन्धित प्राकृतिक जलाशय गहिराउने, डिल, पानीको प्रवेश तथा निकाश द्वारको मर्मत सम्भारको साथै सरसफाई गर्नु पर्नेछ।।

## परिच्छेद-१०

## <u>अनुदानमा मेशिनरी औजार वितरण कार्यक्रम</u>

२९. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/ समूह/ समिति/ सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिनको सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरणको लागि प्रारम्भिक छनौट गर्नेछ र अनुसूची-६ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रममा सिफारिस गर्नेछ।

(घ) कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरुलाई औचित्यको आधारमा स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(ङ) छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(च) अनुदानग्राहीहरुसँग गरिएको सम्झौताको आधारमा मेशिनरी औजार आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिमको प्रक्रिया अनुसार खरिद गर्नु पर्नेछ।

(ङ) निर्धारण गरिएको अनुदान प्रतिशत भन्दा माथिको रकम अनुदानग्राहीहरुले स्वयं ब्यहोर्नु पर्नेछ। सम्झौता र कर्ययोजना अनुसार खरिद गरिएका मेशिनरी औजारको बिल भर्पाई प्राप्त भए पछि कार्यालयले आवश्यक प्रक्रिया पुरा गरी अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

३०. <u>छनौट प्रक्रियाका आधारहरु:</u> छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रममा समावेश हुन ५ कठ्ठा भन्दा बढी जलाशयमा माछापालन गरेको हुनु पर्नेछ।

(ख) व्यावसायिक वा सघन प्रविधि गरिरहेको वा गर्ने प्रस्तावहरुलाई प्राथमिकता दिनु पर्नेछ।

३१. <u>खर्चको मापदण्ड :</u> मेशिनरी औजार वितरण कार्यक्रममा सम्झौता भएका अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना र लागत अनुमान बमोजिम एरिएटर मेशिन, फिडर/अटोमेटिक फिडर मेसिन, मड पम्प, समर्सिवल पम्प, पम्पिङ्गसेट, ईलेक्ट्रिक मोटर, पेलेटमेशिन खरिद मूल्यको बढीमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ।

## परिच्छेद-११

## <u>नतिजा तथा तरिका (पंगास/कार्प/टिलापिया) प्रदर्शन कार्यक्रम</u>

३२. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> कार्यालयले स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्नको लागि स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

३३. <u>सञ्चालन गरिने क्रियाकलापहरु:</u> (१) कार्यक्रम सञ्चालनका क्रियाकलापहरु देहाय बमोजिम रहेको छ:-

(क) नतिजा तथा तरिका प्रदर्शन कार्यक्रम कार्प तर्फ ६ देखि १० कठ्ठा र एक जातीय पंगास/टिलापिय तर्फ ३ देखि ५ कठ्ठा जलाशय भएको पोखरीमा सञ्चालन गर्नु पर्नेछ।

(ख) प्रदर्शन गर्ने पोखरी सुकाई सरसफाई एवं आवश्यकता अनुसार मर्मत संभार गर्नु पर्नेछ। पोखरीको गहिराई ५ फिट हुनु पर्नेछ।

(ग) मर्मत सुधार पश्चात पोखरीको पिंधमा प्रतिकठ्ठा २० किलो घर पोले चून साथै २०० किलो गोवरमल तथा ४ के.जी. युरिया र ३ के.जी. डि.ए.पि. पोखरीमा चारै तिर एकनासले छर्नु पर्नेछ। पोखरीमा ५ फिटसम्म पानी भर्नु पर्नेछ।

(घ) पोखरीमा पानी भरेको ३–४ दिन पछि प्रतिकठ्ठा २७० ग्राम युरिया र ५५० ग्राम डि.ए.पी. पानीमा घोलेर चारै तिर छर्कनु पर्नेछ।

(ङ) कार्पको हकमा बहुजातीय मत्स्यपालन पद्धति अपनाई कम्तिमा ४ जातको माछा पालन गर्नु पर्नेछ।

(च) ३–५ इन्चको मत्स्य बिज स्टकिङ्ग गर्नु पर्नेछ। कार्प र पंगास/टिलापियाको स्टकिङ्ग घनत्व क्रमश: २ र ५ गोटा प्रति वर्ग मी. कायम गर्नु पर्नेछ।

(छ) मत्स्य बिज पोखरीमा स्टकिङ्ग गरीसकेपछि कार्पको लागि हरेक ७ देखि १० दिनको अन्तरालमा प्रति कठ्ठा ७५० ग्राम युरिया र ५०० ग्राम डि.ए.पि. पानीमा घोली छर्नु पर्नेछ। पंगास/टिलापियाको हकमा आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ।

(ज) हरेक ३० दिनमा कम्तिमा १ पटक माछाको ग्रेडिङ्ग गरी माछालाई आवश्यक पर्ने दानाको मात्रा निर्धारण गर्नु पर्नेछ। १० ग्राम भन्दा सानो माछालाई खाएजती, १० देखि ५० ग्राम सम्म ५

प्रतिशत र ५० ग्राम भन्दा माथि २ देखि ३ प्रतिशत शारीरिक तौलको आधारमा पेलेट दाना प्रयोग गर्नु पर्नेछ।

(झ) भुरा अवस्थामा (५० ग्राम भन्दा तल) दैनिक २ पटक र ५० ग्राम भन्दा माथि दैनिक १ पटक एकै स्थान र एकै समयमा पेलेट दाना दिनु पर्नेछ।

(ञ) प्रत्येक ६ देखि ८ महिनामा माछा हार्भेष्ट गरी आवश्यक विवरण राखुपर्नेछ र सो विवरण कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) सम्भाव्य ठाउँमा कार्यालयहरुले वायोफ्लक वा जमिन माथि टैङ्की बनाएर माछा पालन गर्ने, नतिजा तथा तरिका प्रदर्शनको हकमा कार्यालयले विस्तृत स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी नतिजा/तरिका प्रदर्शन गर्न सक्नेछन र यस्तो अवस्थामा उपदफा (१) बमोजिमका विवरणहरु फरक पर्न सक्नेछ।

३४. <u>खर्चको मापदण्ड</u> : (१) यस कार्यक्रममा समावेश हुने अनुदानग्राहीहरुले कुलै लागतको ५० प्रतिशत वा अधिकतम रु १,००,०००।०० जुन कम हुन आउँछ सो रकम उपलब्ध गराईनेछ।

(२) कार्ययोजनामा देहाय बमोजिमको क्रियाकलाप समावेश गर्नु पर्नेछः-

| क.सं. | क्रियाकलापहरु | अनुदान रकम खर्च सीमा प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | पोखरी मर्मत तथा सुधार | १५ | |
| २ | माछा भुरा (३-५ ईन्च साइज) | ३० | |
| ३ | पेलेट दाना | ३० | |
| ४ | मलखाद तथा रसायन | १० | |
| ५ | पानी व्यवस्थापन तथा ढुवानी | १० | |
| ६ | भैपरी खर्च (होर्डिङ्ग बोर्ड, अन्य कार्यक्रम सञ्चालन सम्बन्धी गतिविधिहरु) | ५ | |
| | जम्मा | १०० | |

(३) वायोफ्लक वा जमिन माथि टैङ्की बनाएर माछापालन गर्ने नतिजा तथा तरिका प्रदर्शनको हकमा उपदफा (२) बमोजिमको स्पेसिफिकेसन तथा लागत अनुमान फरक पर्न सक्नेछ।

## परिच्छेद-१२

## मत्स्य बिज ढुवानी अनुदान कार्यक्रम

३५. कार्यक्रम सञ्चालन प्रक्रिया: कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) पोखरीमा माछा भूरा छाड्ने सिजनभन्दा कम्तिमा १ महिना अगावै बिभिन्न माध्यमबाट कृषकहरुको मत्स्य बिजको माग संकलन गरिनेछ।

(ख) मत्स्य कृषकहरुलाई आवश्यक पर्ने मत्स्य बिजको मागको साथै सोको लागि आवश्यक पर्ने रकम संकलन गरिनेछ।

(ग) कृषकस्तरबाट आवश्यक मत्स्य बिजको लागि रकम संकलन सरकारी दर रेटका आधारमा गरिनेछ।

(घ) संकलित मत्स्य बिजको माग बमोजिमको आपूर्तिको लागि सरकारी फर्महरुलाई पत्राचार गरी सम्भव भएसम्म सरकारी फर्मबाट नै मत्स्य बिज ढुवानी गर्ने व्यवस्था मिलाइनेछ। सरकारी फर्मले माग बमोजिमको मत्स्य बिज उपलब्ध गराउन नसकेको अवस्थामा दर्तावाला निजी मत्स्य ह्याचरी तथा नर्सरीहरुबाट माग बमोजिमको गुणस्तरीय मत्स्य बिज आपूर्ति गरिनेछ।

(ङ) ढुवानीको लागि लाग्ने खर्च पूर्ण अनुदान हुने र मोर्टालिटी वापत १० देखि २० प्रतिशत सम्म थप मत्स्य बिज विनियोजत बजेटको परिधिमा रही ढुवानी अनुदानबाट नै खर्च हुने गरी उपलब्ध गराउन सकिनेछ।

(च) मत्स्य बिज ढुवानी अनुदान कार्यक्रम सञ्चालन विनियोजित बजेटको परिधि भित्र रही गरिनेछ।

३६. छनौट प्रक्रियाका आधारहरु: छनौट प्रक्रियाका आधारहरु देहाय बमोजिम हुनेछ :-

(क) यस कार्यक्रममा साना किसानहरुलाई (६ कठ्ठा भन्दा कम जलाशयमा मत्स्य पालन गरेको) प्राथमिकता दिईनेछ।

(ख) कार्यक्रमले सम्बोधन गर्न सक्ने अवस्थामा सो भन्दा माथिका प्रस्तावक मत्स्य कृषकहरुलाई समेत समेट्न सकिनेछ।

३७. <u>खर्च मापदण्ड:</u> कार्यक्रममा सम्झौता भएका अनुदानग्राहीलाई वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भएको बजेटबाट मत्स्य बिज ढुवानीको लागि शत प्रतिशत रकम कार्यालयले उपलब्ध गराउनेछ। मत्स्य बिजको खरिद मुल्यको शत प्रतिशत रकम कृषकले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-१३

## आपातकालीन सेवा सञ्चालन

३८. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> आपतकालीन सेवा सञ्चालन कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भएको बजेटबाट कार्यालयको कार्यक्षेत्र भित्र रहेका पोखरी, घोल/ताल, रिजर्भवायरमा अकस्मात माछा मरी सम्बन्धित स्थानीय तहको पशु सेवा शाखामा कार्यरत प्राविधिकबाट सो को उपचार/रोकथामको लागि पत्राचार भएमा सो स्थानमा तुरुन्त आपतकालीन सेवा सञ्चालन गरिनेछ।

(ख) आपतकालीन सेवा सञ्चालनको लागि कार्यालयको मत्स्य शाखामा कार्यरत अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा स्थलगत अनुगमन तथा निरीक्षण टोली खटाईनेछ। उक्त टोलीले आपतकालीन स्थितिको अध्ययन तथा परीक्षण गर्नुको साथै समस्या पहिचान गरी उक्त समस्यालाई निराकरण गर्न आवश्यक उपचार तथा रोकथामका तरिकाहरु सिफारिस गर्नेछ।

(ग) उपचार तथा रोकथामको लागि प्रयोग हुने औषधि तथा रसायनहरु आपतकालीन सेवा सञ्चालनको लागि विनियोजित भएको बजेटबाट नै खर्च हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ। विनियोजित बजेटले

अपुग हुने अवस्थामा सम्वन्धित मत्स्य कृषक/व्यवसायीले नै बाँकी रकम व्यहोर्नु पर्नेछ।

(घ) तोकिएको स्थानमा मत्स्य व्यवसायमा संलग्न रहेका बढी भन्दा बढी कृषकहरुलाई सहभागी गराई निजहरुको जनचेतना अभिवृद्धि गर्ने गरी आपतकालीन सेवा सञ्चालन गरिनेछ।

(ङ) आपतकालीन सेवा सञ्चालनको लागि बाह्य विषेशज्ञ आमन्त्रित गर्नु परेमा प्रचलित कानून बमोजिम भत्ता उपलब्ध गराईनेछ।

३९. <u>खर्चको मापदण्ड:</u> स्वीकृत कार्यक्रम तथा बजेटको परिधिमा रही कार्यक्रम सञ्चालन गरिनेछ। १ पटकमा अधिकतम रु. ५०,०००।०० (पचास हजार) सम्म खर्च गर्न सकिनेछ सो भन्दा बढी खर्च लाग्ने अवस्थामा मत्स्य कृषक/व्यवसायी स्वंयले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-१४

### समिति सम्बन्धी व्यवस्था

४०. <u>निर्देशक समिति</u>: (१) यस कार्यक्रम सञ्चालन विधि बमोजिमको कार्यक्रम सन्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्वन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४१. <u>कार्यक्रम व्यवस्थापन समिति:</u> (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) प्रमुख | पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) प्रमुख | पशु स्वास्थ्य इपिडेमियोलोजी तथा नियमन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |

| | | | |
|---|---|---|---|
| (ङ) | प्रमुख | आर्थिक प्रशासन,पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | वरिष्ठ मत्स्य विकास अधिकृत | मत्स्य विकास शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य सचिव |

(२) जिल्ला स्थित कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरु सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) | प्रतिनिधि | जिल्ला समन्वय समिति (कृषि हेर्ने) | सदस्य |
| (ग) | प्रमुख/प्रतिनिधि | प्रदेश लेखा नियन्त्रक/को.ले.नि.का. | सदस्य |
| (घ) | लेखा प्रमुख | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ङ) | प्रमुख | मत्स्य विकास शाखा /पशु विकास तथा प्रविधि प्रसार शाखा | सदस्य सचिव |

(३) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा ३ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कनको आधारहरुको विस्तृतीकरण गर्ने,

(ख) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी उपयुक्त प्रस्तावहरु स्वीकृतिको लागि सिफारिस गर्ने,

(ग) कुनै वां सबै प्रस्ताव अस्पष्ट लागेमा वा पुनः मूल्याङ्कन गर्नु पर्ने देखिएमा पुनः मूल्याङ्कनका लागि मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार फिल्ड प्रमाणिकरण कार्य पुनः गराउन सक्नेछ।

४२. मूल्याङ्कन तथा सिफारिस समितिः (१) यस कार्यक्रम सञ्चालन विधि बमोजिम निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु सञ्चालनको लागि प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | वरिष्ठ मत्स्य विकास अधिकृत | मत्स्य विकास शाखा | संयोजक |
| (ख) | पशु विकास अधिकृत | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ग) | पशु चिकित्सक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | लेखा प्रमुख | आर्थिक प्रशासन, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) | मत्स्य विकास अधिकृत | मत्स्य विकास शाखा,पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य सचिव |

(२) यस कार्यक्रम सञ्चालन विधि बमोजिम जिल्ला स्थित कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरु सञ्चालनको लागि प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मत्स्य विकास शाखा प्रमुख | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) | लेखा प्रमुख | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ग) | मत्स्य /पशु प्राविधिक साहायक | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

(३) समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) यस कार्यक्रम सञ्चालन विधिको विभिन्न दफाहरुमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषक/ व्यावसायिक/ निजी उद्यमी/ समुह/ सहकारी/ संघ/ संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको मंल्याङ्कन तथा विश्लेषण

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

डा. भारती पौडेल
मन्त्री

गरी प्राथमिकताका आधारमा छनौट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनमा गइसकेपछि त्यसको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिले निर्देश गरेका कामको साथै समिति आफैंले आवश्यकता ठन्याईएका अन्य कामहरु गर्नेछ।

**४३. कार्यालयले कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरुः** कार्यालयले मत्स्य विकास सम्बन्धी सम्पूर्ण कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा देहाय अनुसारको प्रक्रिया पुरा गर्नु पर्नेछ :-

(क) कार्यक्रम प्रस्ताव वा सञ्चालन गर्नु अघि गत विगतको अनुभव र बजार सर्भेक्षण समेत गरी बिस्तृत स्पेसिफिकेसन तथा लागत अनुमान तयार गर्ने,

(ख) विस्तृत लागत अनुमान र कार्ययोजना सहितको प्रस्ताव माग गर्ने,

(ग) प्राप्त प्रस्तावको बिज्ञ सहितको मुल्याङ्कन समिति बाट पुनरावलोकन गरी गराइ पेश गरेको लागत अनुमान जाँच गरी आवश्यक परे संशोधन सहित लागत अनुमान यकीन गर्ने,

(घ) व्यवस्थापन समितिबाट छनौट भएका प्रस्तावहरुको लागत अनुमान र कार्य योजना सहित सम्झौता गर्ने, र

(ङ) अनुदानग्राहीले सम्झौता र कार्ययोजना अनुसार कार्य गरी समयमै भुक्तानी माग गर्ने।

(६) कार्यालयले पेश हुन आएका बील भर्पाइ र स्थलगत अनुगमन समेत गरी यथार्थ खर्चको आधारमा सम्बन्धित कार्यक्रममा तोकिए अनुसारको सीमा भित्र रही अनुदान रकम उपलब्ध गराउने/भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-१३
## भुक्तानी प्रक्रिया

४४. <u>भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः</u> (१) कार्यक्रममा सहभागी कृषक/समूह/समिति/सहकारी तथा निजी मत्स्य फार्महरुले कार्य सम्पन्न गरी भुक्तानीको लागि निम्नानुसारका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(क) सम्झौता-पत्र र कार्यादेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको लागत अनुमान, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र बिल,

(घ) बिल बिजकहरुको सक्कल प्रतिलिपि,

(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(च) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिवेदन,

(छ) आवश्यकताका आधारमा स्थानीय तहको सिफारिस,

(ज) साझेदार संस्थाको लेटरप्याडमा लिखित निवेदन,

(झ) सूचनापाटी/होडिङ्ग बोर्डको फोटो,

(ञ) आवश्यकता अनुसार सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,

(ट) आवश्यक निर्णयहरुको प्रतिलिपि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

४५. <u>अनुदान भुक्तानी गरिने आधारहरुः</u> अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा अनुदान भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्षमा सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) भुक्तानी कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राखुपर्नेछ।

(छ) कार्य सम्पन्न भएपश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी खर्च भएका प्रतिवेदनका आधारमा नियमानुसारको कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

(झ) यस कार्यक्रम सञ्चालन विधिमा लेखिएको विषयमा यसै बमोजिम तथा अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१४

## अनुगमन र समन्वय

४६. अनुगमन : (१) अनुदानग्राहीको अनुगमन मन्त्रालय, निर्देशनालय, सहकारी प्रशिक्षालय, कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय र प्रदेश सरकारका सरोकारवाला कार्यालयले तीन वर्षसम्म संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) अनुदानग्राहीहरुले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलव्धीहरु तोकिएको निकाय वा कार्यालयमा तीन वर्षसम्म पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

४७. समन्वय: मन्त्रालय/निर्देशनालयले मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम व्यवस्थित रुपले सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

## परिच्छेद-१५

## विविध

४८. सार्वजनिक परीक्षण : यस कार्यक्रम सञ्चालन विधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट

प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

४९. <u>कारवाहीको व्यवस्थाः</u> (१) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) यस कार्यक्रम सञ्चालन विधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा खर्चको विवरण पेश नगर्ने साझेदार संस्थाहरुलाई प्रचलित कानुन बमोजिम कारवाही गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५०. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यक्रम सञ्चालन विधिको कार्यन्वयनमा केही बाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम व्याख्या हुनेछ।

५१. <u>थपघट वा हेरफेरः</u> कार्यक्रम सञ्चालन विधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार कार्यक्रम सञ्चालन विधिमा थपघट, हेरफेर तथा बाधा अडकाउ फुकाउन आवश्यक भएमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा ४ को खण्ड (ख), दफा ८ को खण्ड (ग), दफा ९ को खण्ड (क), दफा १२ को खण्ड (क), दफा १६ को खण्ड (क), दफा २७ को खण्ड (ख) र दफा २९ को खण्ड (क) सँग सम्बन्धित)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ........

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति २०७../...../.... गते

यस निर्देशनालय/कार्यालयको आ.व. २०७.../... को स्वीकृत वार्षिक कार्यक्रम ..................................................... अनुसार मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालन विधि, २०७६ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यावसायिक फार्म, कम्पनी, निजी उद्यमी, सहकारी, कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले .......... औं दिनसम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरीन्छ साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रस्ताव आव्हान गरिएका कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची–२

**निवेदनको ढाँचा**

(दफा ४ को खण्ड (ग), दफा ८ को खण्ड (घ), दफा ९ को खण्ड (ख), दफा १२ को खण्ड (ख), दफा १६ को खण्ड (ख), दफा २३ को खण्ड (ख), दफा २७ को खण्ड (ग) र दफा २९ को खण्ड (ख) सँग सम्बन्धित)

श्रीमान् कार्यालय प्रमुखज्यू

.......................................................

..................... ।

विषयः कार्ययोजना पेश गरिएको सम्बन्धमा।

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यालयको मिति २०७ .../ ... /.... गतेका दिन ...........मा प्रकाशित सूचना अनुसार म/हामी निवेदकले ......................... कार्यक्रम अन्तरगतको कार्यक्रम सहकार्यमा सञ्चालन गर्न इच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

निवेदकको:

नामः

ठेगानाः

फार्मको नामः

दस्तखतः

मितिः

सम्पर्क नं.:

प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-३

(दफा ४ को खण्ड (ग), दफा ८ को खण्ड (घ), दफा ९ को खण्ड (ख), दफा १२ को खण्ड (ख), दफा १६ को खण्ड (ख), दफा २३ को खण्ड (ख), दफा २७ को खण्ड (ग), दफा २९ को खण्ड (ख) सँग सम्बन्धित)

### <u>प्रस्ताव पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु</u>

१. नेपाली नागरिकताको छाँया प्रति

२. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन

३. अनूसूची-४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना

४. जग्गाको स्वामित्व देखिने कागजात, लालपुर्जाको प्रतिलिपी (भाडामा भए १० वर्षको सम्झौता-पत्रको छाँयाप्रति)

५. स्थानीय तह/आधिकारिक निकायमा दर्ता गरेको प्रमाण-पत्रको छायाँ प्रति

६. PAN/VAT मा दर्ता भएको प्रमाण-पत्र, नविकरण तथा कर चुक्ताको छायाँप्रति

७. प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

८. लगानीको श्रोत (बैंक स्टेटमेन्ट वा बैंकको सिफारिस संलग्न गर्ने ।

९. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

१०. आवश्यकता अनुसार प्राविधिक सिफारिस

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# अनुसूची-४

मा. आरती पौडेल
मन्त्री

(दफा ४ को खण्ड (ग), दफा ८ को खण्ड (घ), दफा ९ को खण्ड (ख), दफा १२ को खण्ड (ख), दफा १६ को खण्ड (ख), दफा २३ को खण्ड (ख), दफा २७ को खण्ड (ग) र दफा २९ को खण्ड (ख) सँग सम्बन्धित)

## कार्यक्रम प्रस्तावको ढाँचा

कार्यक्रमको नामः जिल्लाः

गा.पा./न.पा./उ.न.पा.: वडा नं.:

टोलः गाउँः

फर्मको नामः सञ्चालकको नामः

मो.नं/ टे.नं.:

१.व्यवसायको परिचयः

२. उद्देश्यहरुः

३. मत्स्यपालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुः

६ .मत्स्यपालनको लागि क्षेत्रफलः

७. तालिम सम्बन्धी विवरणः

८. शैक्षिक योग्यताः

९. लगानीको श्रोतः नगद (बैंक स्टेटमेन्ट राख्ने) वा ऋण (बैंकको प्रतिवद्धता पत्र राख्ने)

१०. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु | जम्मा लगानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

११. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने):

१२. उत्पादित वस्तुको बजार योजना:

१३. पुर्णकालीन रोजगारी सिर्जना: .. .. .. .. .. जना

१४. लाभ लागत अनुमान (कति बर्षमा नाफामा जाने हो खुलाउने)

१५. प्राबिधिक सेवाको सुनिश्चितता कसरी गर्ने हो खुलाउने

१६. प्रस्ताव पेश गर्ने

फार्म/कृषकको नाम: सम्पर्क नम्वर:

ठेगाना: जिल्ला ........ गाउँपालिका/नगरपालिका/ उप-महानगरपालिका ... /वार्ड नं. ....

टोल ...

फार्म सँचालन गरिने स्थान:

फार्म/कृषकको तर्फबाट सही गर्नेको

नाम: पद:

दस्तखत: मिति :

## अनुसूची-५

(दफा ४ को खण्ड (घ), दफा ८ को खण्ड (ङ), दफा ९ को खण्ड (ग), दफा १२ को खण्ड (ग), दफा १६ को खण्ड (ग), दफा २३ को खण्ड (ग), दफा २७ को खण्ड (घ) र दफा २९ को खण्ड (ग) सँग सम्बन्धित)

### प्रारम्भिक छनौट गर्दा रुजु गर्ने कागजातहरु र मूल्याङ्कनका आधार

१. नेपाली नागरिकताको छाँया प्रति — छ-छैन

२. अनूसूची-४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना — छ-छैन

३. जग्गाको स्वामित्व देखिने कागजात, लालपुर्जाको प्रतिलिपी (भाडामा भए १० वर्षको सम्झौता-पत्रको छाँयाप्रति) — छ-छैन

४. स्थानीय तह/आधिकारिक निकायमा दर्ता गरेको प्रमाण-पत्रको छायाँ प्रति — छ-छैन

५. PAN/VAT मा दर्ता भएको प्रमाण-पत्र, नविकरण तथा कर चुक्ताको छायाँप्रति — छ-छैन

६. प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र — छ-छैन

७. लगानीको श्रोत (बैंक स्टेटमेन्ट वा बैंकको सिफारिस संलग्न गर्ने) — छ-छैन

८. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान — छ-छैन

९. आवश्यकता अनुसार प्राविधिक सिफारिस — छ-छैन

१०. मूल्याङ्कनका आधारहरुः

| क.सं. | विवरण | अंकभार | प्रासाङ्क |
|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १५ | |
| १.१ | सडक सुविधा भएको | ३ | |
| १.२ | बिजुली सुविधा भएको | २ | |
| १.३ | पानीको सुविधा भएको | २ | |

| | | | |
|---|---|---|---|
| १.४ | जग्गाको स्वामित्व | ८ | |
| १.४.१ | निजी फार्म /संस्थाको नाममा भएको | ८ | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | ६ | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ४ | |
| २ | व्यवसाय सम्वन्धी अनुभव | ५ | |
| २.१ | ३ वर्ष सम्म | ३ | |
| २.२ | ५ वर्ष सम्म | ४ | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र ) | ५ | |
| ३.१ | ३ दिन अवधि सम्मको तालीम | १ | |
| ३.२ | ४ देखि ५दिनको अवधि सम्मको तालिम | २ | |
| ३.३ | ६ देखि ७ दिनको अवधि सम्मको तालिम | ३ | |
| ३.४ | ८ देखि १५ दिनको अवधि सम्मको तालिम | ४ | |
| ३.५ | १६ देखि ३० दिनको अवधि सम्मको तालिम | ५ | |
| ४ | वित्तीय क्षमता | १० | |
| ४.१ | आफै लगानी गर्ने क्षमता भएको (विगत ३ महिनाको बैङ्क स्टेटमेण्ट संलग्न गर्नु पर्ने) | १० | |
| ४.२ | बैङ्क तथा वित्तीय संस्थाबाट लगानी प्रतिवद्धता भएको | ८ | |

ना. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| ४.२ | नखुलेको | ६ | |
| ५ | रोजगारीको अवस्था (प्रस्तावित) | ५ | |
| ५.१ | कम्तिमा ३ जना सम्म | ३ | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | |
| ६ | वातावरणीय उपयुक्तता (प्रस्तावित) | ५ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आङ्कल नगरिएको | ३ | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ५ | |
| ७ | उत्पादित वस्तुको बजार योजना | १५ | |
| ७.१ | नखुलेको | १० | |
| ७.२ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण | १२ | |
| ७.३ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १५ | |
| ८ | स्वीकृत कार्यक्रम सञ्चालन विधि अनुसारको थप आधारहरु | ४० | |
| ८.१ | व्यवसाय सञ्चालन गर्न योग्य जमिनको क्षेत्रफल | १० | |
| ८.१.१ | बढीमा १ हेक्टर | ७ | |
| ८.१.२ | १ हेक्टर भन्दा माथि | १० | |
| ८.२ | व्यावसायिक कार्ययोजनाको स्पष्टता (कार्ययोजना, दिगोपना) | २० | |
| ८.२.१ | उत्तम | २० | |
| ८.२.२ | राम्रो | १६ | |
| ८.२.३ | ठिकै | १२ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

| | | | |
|---|---|---|---|
| ८.३ | कार्यक्रम सञ्चालन पश्चात हुने प्रतिफल | १० | |
| ८.३.१ | पहिलो वर्षमा नै नाफामा जाने | १० | |
| ८.३.२ | दोस्रो वर्षमा जाने | ८ | |
| ८.३.३ | ३ वर्षमा नाफामा जाने | ६ | |
| | जम्मा | १०० | |

५० प्रतिसत अंकभार प्राप्त गर्ने प्रस्तावहरुको मात्र स्थलगत अनुगमन गरिनेछ ।

कार्यक्रम व्यवस्थापन समितिका पदाधिकारीहरुको

| | | | |
|---|---|---|---|
| नाम थर : | नाम थरः | नाम थरः | नाम थरः |
| पद : | पदः | पदः | पदः |
| दस्तखत : | दस्तखतः | दस्तखतः | दस्तखतः |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल नेपाल

अनुसूची-६

(दफा ४ को खण्ड (घ), दफा ८ को खण्ड (ङ), दफा ९ को खण्ड (ग), दफा १२ को खण्ड (ग), दफा १६ को खण्ड (ग), दफा २३ को खण्ड (ग), दफा २७ को खण्ड (घ) र दफा २९ को खण्ड (ग) सँग सम्बन्धित)

## कार्यक्रम सञ्चालनका लागि स्थलगत प्रमाणिकरण गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

### मूल्याङ्कन फारम

१. जिल्ला:

२. प्रस्तावक संस्थाको नाम:

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. मूल्याङ्कनका आधारहरु:

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १५ | | |
| १.१ | सडक सुविधा भएको | ३ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | पानीको सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ८ | | |
| १.४.१ | निजी फार्म /संस्थाको नाममा भएको | ८ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | ६ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ४ | | |
| २ | व्यवसाय सम्बन्धी अनुभव | ५ | | |
| २.१ | ३ वर्ष सम्म | ३ | | |
| २.२ | ५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र ) | ५ | | |
| ३.१ | ३ दिन अवधि सम्मको तालीम | १ | | |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | ४ देखि ५दिनको अवधि सम्मको तालिम | २ | | |
| ३.३ | ६ देखि ७ दिनको अवधि सम्मको तालिम | ३ | | |
| ३.४ | ८ देखि १५ दिनको अवधि सम्मको तालिम | ४ | | |
| ३.५ | १६ देखि ३० दिनको अवधि सम्मको तालिम | ५ | | |
| ४ | वित्तीय क्षमता | १० | | |
| ४.१ | आफै लगानी गर्ने क्षमता भएको (विगत ३ महिनाको बैङ्क स्टेटमेण्ट संलग्न गर्नु पर्ने) | १० | | |
| ४.२ | बैङ्क तथा वित्तीय संस्थाबाट लगानी प्रतिवद्धता भएको | ८ | | |
| ४.२ | नखुलेको | ६ | | |
| ५ | रोजगारीको अवस्था (प्रस्तावित) | ५ | | |
| ५.१ | कम्तिमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| ६ | वातावरणीय उपयुक्तता (प्रस्तावित) | ५ | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आङ्कल नगरिएको | ३ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ५ | | |
| ७ | उत्पादित वस्तुको बजार योज़ना | १५ | | |
| ७.१ | नखुलेको | १० | | |
| ७.२ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण | १२ | | |
| ७.३ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १५ | | |
| ८ | स्वीकृत कार्यक्रम सञ्चालन विधि अनुसारको थप आधारहरु | ४० | | |
| ८.१ | व्यवसाय सञ्चालन गर्न योग्य जमिनको क्षेत्रफल | १० | | |
| ८.१.१ | बढीमा १ हेक्टर | ७ | | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ८.१.२ | १ हेक्टर भन्दा माथि | १० | | |
| ८.२ | व्यावसायिक कार्ययोजनाको स्पष्टता (कार्ययोजना, दिगोपना) | २० | | |
| ८.२.१ | उत्तम | २० | | |
| ८.२.२ | राम्रो | १६ | | |
| ८.२.३ | ठिकै | १२ | | |
| ८.३ | कार्यक्रम सञ्चालन पश्चात हुने प्रतिफल | १० | | |
| ८.३.१ | पहिलो वर्षमा नै नाफामा जाने | १० | | |
| ८.३.२ | दोस्रो वर्षमा जाने | ८ | | |
| ८.३.३ | ३ वर्षमा नाफामा जाने | ६ | | |
| | जम्मा | १०० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरु:

क)

ख)

७. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | राय दिनकोको नाम, थर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | | |
| १ | | | | | सुधार सहित हुन्छ | |
| २ | | | | | | |

नोटः हुन्छ/हुदैन भन्ने स्पष्ट कारणहरुः........................।

## अनुसूची-७

(दफा ४ को खण्ड (च), दफा ८ को खण्ड (छ), दफा ९ को खण्ड (ङ), दफा १२ को खण्ड (ङ), दफा १६ को खण्ड (ङ), दफा २३ को खण्ड (घ), दफा २७ को खण्ड (छ) र दफा २९ को खण्ड (ङ) सँग सम्बन्धित)

### सम्झौता-पत्रको ढाँचा

आर्थिक वर्ष ....../....... मा सञ्चालन हुने ...................... कार्यक्रमको लागि ....................................... मन्त्रालय/ निर्देशनालय/ कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

शर्तनामाहरुः

१. प्रथम पक्षले लागत साझेदारमा .........................................कार्यक्रमको लागि कूल लागत रु. .............. (अक्षरुपी...................) मध्ये अनुदान वापत रु. ............. (अक्षरुपी .........................) दोस्रो पक्षलाई अनुदान सहयोग प्रदान गर्नेछ।

२. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी.......................... जिल्ला,......... ............ गाँउपालीका/नगरपालिका/उपमहानगरपालिका वडा नं ........,मा ........ साल ....... महिना भित्र सम्पन्न गर्नेछ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिईनेछ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको प्रगति (कम्तिमा चौमासिक अवधिमा) उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१२. द्विपक्षीय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईस्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्मन्न गर्नेछ। यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

१४. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु ............
(ख) दोश्रो पक्षले व्यहोर्ने लागत रु ............
(ग) अन्य श्रोतबाट प्राप्त लागत रु...............

(घ) कन्टेन्जेन्सी रकम (बढीमा ३%) रु .............(यो रकम विशेषज्ञको परामर्श सेवा, मर्मत संभार र निर्माण कार्यको सुपरभिजन, प्राविधिक सेवा, हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ)

(ङ) प्रस्तावनाको कुल लागत रु ................

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |
| रोहवर | |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

इति सम्वत् ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यक्ता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ।